अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०१/२१ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसलाका आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	विष्णु बहादुर शाही, मान बहादुर ऐडी, गोभधन बोहोरा, नविन रेग्मी, हरिहर उपाध्याय, गोपाल विश्वकर्मा, नन्दा देवी देवकोटा र प्रयोगलाला जैसी मुद्दा नं. ०७९-CR-०१७२ फैसला मिति २०८०।१२।१२	ट्याङ्की निर्माण समेतमा झुट्टा बिल भर्पाईका आधारमा भुक्तानी गरी गराई भ्रष्टाचार गरेको।	**आयोगको मागदावी** १. **<u>आयोगबाट लिइएको सजायको मागदावी:</u>** (क) प्रतिवादी चंखेली गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत विष्णु बहादुर शाहीको हकमाः भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) ले परिभाषित गरेको कसुर गरेको हुँदा निज प्रतिवादी विष्णु बहादुर शाहीलाई बिगो रकम रु.६,४८,७८६।- (छ लाख अठ्चालिस हजार सात सय छयासी रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र विगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन मागदावी लिइएको छ । (ख) प्रतिबादीहरु चंखेली गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, हुम्लाका ईन्जिनियर मान बहादुर ऐडी र प्राविधिक सहायक (सव इन्जिनियर) गोवर्धन बोहोराको हकमाः भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) ले परिभाषित गरेको कसुर गरेको हुँदा निज प्रतिवादीहरु मान बहादुर ऐडी र गोवर्धन बोहोरालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको सजाय हुन समेत मागदावी लिइएको छ । (ग) प्रतिबादी चंखेली गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, हुम्लाका लेखापाल नविन रेग्मीको हकमाः भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) ले परिभाषित कसुरमा निज प्रतिवादी नविन रेग्मीलाई बिगो रकम रु.६,४८,७८६।- (छ लाख अठ्चालिस हजार सात सय छयासी रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिमको कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन समेत मागदावी लिइएको छ। (घ) प्रतिबादी चंखेली गाउँपालिका वडा न.०२ का तत्कालिन वडा अध्यक्ष हरिहर उपाध्यायको हकमाः भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) ले परिभाषित कसुर गरेको हुँदा निज प्रतिवादी हरिहर उपाध्यायलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) बमोजिम सजाय हुन मागदावी लिइएको छ। (ङ) प्रतिबादीहरु देवकोटावाडा खानेपानी ट्याङ्की निर्माण उपभोक्ता समितिका अध्यक्ष गोपाल विश्वकर्मा,सचिव प्रयोगलाल जैसी र कोषाध्यक्ष नन्दा देवी देवकोटा (धिताल) को हकमाः भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा(४) ले परिभाषित कसुर गरेको हुँदा निज प्रतिवादी गोपाल विश्वकर्मा,प्र योगलाल जैसी र नन्दा	(क) मिति २०७८।०३।०८ को स्थलगत मुचुल्कामा प्रतिवेदनमा उल्लेख भए बमोजिमको काम नभएको भन्ने बेहोरा उल्लेख भएको नदेखिएको । (ख) प्रतिवादी उपरको आरोप दावी ठोस सबुत प्रमाणबाट पुष्टि हुन नसकेको ।	(क) प्रस्तुत मुद्दामा हुम्ला जिल्ला चंखेली गाउँपालिका वडा नं. २ स्थित खानेपानीको ट्याङ्की निर्माणका लागि आ.व. ०७८।०७९ मा मुख्यमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत रु. २० लाख २८ हजार विनियोजन भई उपभोक्ता समितिलाई जिम्मा दिएकोमा त्यसको इस्टिमेट, सम्झौता, कार्य सम्पन्न, भुक्तानीका लागि पेश भएका कागजात हेर्नुपर्ने हुन्छ ।प्रस्तुत मुद्दामा उपभोक्ता समिति मिति २०७८।०३।०९ मा गठन भएको देखिन्छ भने गाउँ कार्यपालिका र उपभोक्ता समिति बिच मिति २०७८।०३।१० मा सम्झौता भएको छ ।त्यस्तै निर्माण कार्यको सम्पन्नता पछि रकम भुक्तानीका लागि मिति २०७८।०३।३१ मा वडा नं. २ को सिफारिस भई आएको छ । यद्यपि उपभोक्ता समितिले रकम भुक्तानीका लागि गाउँ कार्यपालिका समक्ष पेश गरेको निवेदन साथ रहेको ऋणमोक्ष वर्क सप्लायर्स एन्ड कन्स्ट्रक्सनको बिजक नं. ३९ को मिति २०७८।०२।३० उल्लेख भएको छ । यसर्थ निर्माण कार्यका लागि उपभोक्ता समिति र गाउँ कार्यपालिका बिच सम्झौता हुनु अगावै सामग्री खरिद गरेको बिलबिजक जारी भएको र उक्त नक्कली बिजबिजकलाई समेत गाउँपालिकाले ग्रहण गरी भुक्तानी दिएको अवस्थाबाट बदनियत देखिँदा देखिँदै प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ । (ख) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतबाट खटिएका सवइन्जिनियर प्रशान्त थापाको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदनमा देवकोटावाडा खानेपानी मर्मत तथा निर्माण कार्यमा खानेपानीको इन्टेकको कुल लम्बाई, चौडाई र गहिराई क्रमश १.८५ मि., ३.१२ मि. र १.५ मि. रहेको, इन्टेकको छेउमा एउटा रिजर्भवायर ट्याङ्की पनि निर्माण गरेको पाइयो जसको कुल लम्बाई, चौडाई र गहिराई क्रमश १५ मि., ०.८ मि. र १ मि. रहेको, खानेपानीको मुहान भएको स्थानदेखि वडा कार्यालयको छेउमा निर्माण भएको खानेपानीको धारासम्म १४० मि.लम्बाईको एच.डी.पी.इ पाइप बिछाइएको र उक्त आयोजनामा खानेपानीको एउटा इन्टेक, एउटा रिजर्भवायर ट्याङ्कीको वरिपरी सुक्खा तथा सिमेन्ट प्लास्टर सहितको ढुंगाको गाह्रो निर्माण र वडा कार्यालय नजिक एउटा सिमेन्ट प्लास्टर सहितको धारा निर्माण खानेपानीको मुहान देखि वडा कार्यालय नजिकको धारा सम्मको लागि २० मि.मि. व्यासको एच.डी.पी.इ. पाइप १४० मि. सम्म मात्र बिछाइएकोमा केहि मि. अपुग रहेको आयोजनाको स्थलगत नापजाँच तथा निरीक्षण गर्दा सो आयोजनाको E/W excavation in soft soil ground cutting and leveling, E/W Back Filling Work, Stone Soiling work with sand, PCC work with 1:3:6 concrete, Erection of Rubbed masonry work with 1:4 cement mortar, Laying and Fixing of 20 mm HDPE pipe, 12.5 mm plaster work with 1:2 cm, 3 mm cement punning Work, 12 mm iron rod, E/W excavation in soft soil cutting pipe line, E/W excavation in BMS soil cutting pipe line समेतको कार्य नापी किताब र कार्य सम्पन्न प्रतिवेदनमा वास्तविक भएको कार्य भन्दा बढी उल्लेख गरी रु.६,४८,७८६।-(छ लाख अठ्चालिस हजार सात सय छयासी मात्र) बढी रकम भुक्तानी गरेको शाखा अधिकृत अनन्त कुमार गौतम समेतको स्थलगत प्रतिवेदन तथा स्थलगत नापजाँच गरी प्राविधिध प्रतिवेदन पेश गर्ने सबइन्जिनियर प्रशान्त थापाले पेश गरेको प्रतिवेदन एवम् निजहरुले अदालतमा गरेको बकपत्रलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा ग्रहण गरी प्रतिवादीहरुलाई सजाय गर्नुपर्नेमा सफाई दिई भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ । ९ग० यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतले नेपाल सरकार वि. पदमबहादुर गुरुङ भएको मुद्दामा (ने.का.प. २०७५, अंक ६, नि.नं. १००३७) प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम साक्षी अदालतमा उपस्थित भई अनुसन्धानमा व्यक्त गरेको कुरा अदालतमा बकपत्र गर्दा समर्थन गरेको अवस्थामा ग्रहणयोग्य हुने भन्ने सिद्धान्त समेत प्रतिपादन गरेको र प्रस्तुत मुद्दामा स्थलगत नापजाँच गरी प्रविधिक प्रतिवेदन पेश गर्ने सबइन्जिनियर प्रशान्त थापाले सम्मानित अदालतमा बकपत्र गर्दा प्रतिवेदनको व्यहोरालाई सनाखत तथा समर्थन गरिदिएको हुँदा प्रमाण ऐनको उक्त कानुनी व्यवस्थालाई अनदेखा गरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ । अतः उल्लिखित आधार, कारणबाट प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला

			देवी देवकोटा (धिताल) समेतलाई बिगो रकम रु.६,४८,७८६।-(छ लाख अठ्चालिस हजार सात सय छयासी रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको सजाय गरी बिगोसमेत जफत हुन मागदाबी लिइएको छ। **अदालतको फैसला** सबै प्रतिवादीहरुले आरोप दावीबाट सफाई पाउने गरी फैसला भएको छ।		त्रुटिपूर्ण हुँदा निज प्रतिवादीहरु विष्णु बहादुर शाही, मान बहादुर ऐडी, गोभधन बोहोरा, नविन रेग्मी, हरिहर उपाध्याय, गोपाल विश्वकर्मा, नन्दा देवी देवकोटा र प्रयोगलाला जैसीलाई आरोप मागदाबी बमोजिम सजाय हुन सम्मानित अदालत समक्ष अनुरोध छ ।